**भेरीगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**छिन्चु, सुर्खेत**

कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०५** **संख्याः १०** **मितिः २०७९/०९/१७ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## खानेपानी व्यवस्थापन कार्यबिधि, २०७९

**प्रस्तावनाः**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाई सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम यस भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको २०७९।०९।१७ गतेको बैठकले यो कार्यबिधिको तर्जुमा गरी लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यबिधिको नाम भेरीगंगा नगरपालिकाको "खानेपानी व्यवस्थापन कार्यबिधि, २०७९" रहेको छ ।

(२) यो कार्यबिधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) “अनुमतिपत्र” भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनुपर्छ।

(ख) “अनुमतिपत्र प्राप्त संस्था”भन्नाले खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने संगठित संस्था सम्झनुपर्छ।

(ग) “आयोजना” भन्नाले खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धि अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्छ।

(घ) “उपभोक्ता” भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ।

(ङ) “उपभोक्ता संस्था” भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।

(च) “खानेपानी तथा सरसफाई उपभोक्ता समिति” भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँछ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउछ।

(ज) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउनेछ।

(झ) “खानेपानीको संस्थागत उपयोग”भन्नाले सरकारी, सार्वजनिक, व्यवसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ।

(ञ) “गुणस्तरीय खानेपानी” भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनुपर्छ।







(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनुपर्छ।

(ठ) “ढल निकास”भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ।

(ड) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यो कार्यबिधि वा यस कार्यबिधि अन्तर्गत बनेको नियम, निर्देशन तथ मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ढ) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनुपर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(ण) “फोहोरपानी” भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनुपर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(त) “सरसफाई सेवा” भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनुपर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ।

(थ) “सहकारी संस्था” भन्नाले सहकारी ऐनबमोजिम दर्ता भएका बचत तथा ऋण सहकारी संस्था वा बित्तिय कारोबार गर्ने अन्य सहकारी संस्थालाई जनाउँछ।

(द) “संगठित संस्था” भन्नाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्नको लागि यस कार्यबिधि तथा अन्य प्रचलित कानूनबमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई जनाउँछ र सो शब्दले प्रचलित कानूनबमोजिम खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ।

(ध) "सेवा प्रणाली"भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनुपर्छ र सो शब्दले खानेपानी तथा सरसफाई सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(न) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाई सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यम्बाट खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनुपर्छ ।

(प) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाई सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद २

## खानेपानीको अधिकार र स्रोत सम्बन्धि व्यवस्था

**३. खानेपानीमा पहुँचको अधिकारः**

(१) यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस कार्यबिधि तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानीमा पहुँचको अधिकार अन्तर्गत यस नगरपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार,

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी यस नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि यस नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।







**४. खानेपानीको स्रोतमा अधिकारः**

(१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकता दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नुपर्नेछ ।

(३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता संस्थाको सहमति लिनुपर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नुपर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकारले यस नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व यस नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनुपर्नेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः**

(१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघसंस्था र निकायको कर्तव्य हुनेछ,

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहायबमोजिमका कार्यहरु गर्नुपर्नेछ,

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने, गराउने,

(घ) पानीको संरक्षण, सम्बर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा बहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

(**स्पष्टीकरणः** सम्बन्धित पक्ष भन्नाले लाभान्वीत संस्था वा समुदाय, उपभोक्ता समिति, मुहान बिद्यमान रहेको समुदाय र अन्य निकायलाई बुझाउनेछ ।)

**६. खानेपानीको पहुँच पुगेको मानिनेः**

(१) देहायको अवस्थामा खानेपानीको पहँच पुगेको मानिनेछ ।

(क) धारासम्म पुग्न पार गर्नुपर्ने तेर्सो र ठाडो दुरी क्रमशः १५० मिटर र ५० मिटर भन्दा बढी नहुने,

(ख) सबै परिवारहरु १५ मिनेटसम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनुपर्ने,

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिका बासीलाई खानेपानी सेवाको निश्चितता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानीको राष्ट्रिय मापदण्डको अधिनमा रहि नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

**७. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाः**

(१) देहायको समुदायलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्न सकिनेछ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,







(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ-कोली, आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्युबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेको,

(ङ) खानेपानीको लागि प्रयोग भएका सबै स्रोत-क्षेत्रहरु जनावर तथा मानवीय गतिबिधि रोक्न संरक्षण गरिएको, (बिशेष गरी जनावर र मानव मलमुत्रबाट प्रदुषण रोक्न)

(च) खानेपानी उपभोक्ता समिति सकृय र आयोजनाको सन्चालन र ब्यवस्थापनको लागि प्रभावकारी प्रणाली भएको,

(२) सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यबिधि तथा अनुगमन निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ३

## संस्थागत संरचना र काम, कर्तव्य, अधिकार

**८. खानेपानी ब्यवस्थापन बोर्डः**

(१) खानेपानी व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण, अनुगमन र अन्य आवश्यक निर्णयहरु गर्नका लागि नगरपालिकामा एक खानेपानी व्यवस्थापन बोर्ड रहनेछ ।

(२) नगर खानेपानी व्यवस्थापन बोर्डमा देहाय अनुसार अध्यक्ष र सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| (क) नगर प्रमुख | - अध्यक्ष |
| (ख) सम्बन्धित वडाको अध्यक्ष | - सदस्य |
| (ग) नगरपालिकाको प्राबिधिक शाखाको प्रमुख | - सदस्य |
| (घ) भेरीगंगा अन्तर्गत वन कार्यालयका प्रमुख | - सदस्य |
| (ङ) अध्यक्षले तोकेको नगरसभाको महिला सदस्य | - सदस्य |
| (च) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (छ) खानेपानी, सरसफाई तथा स्वच्छता इकाई प्रमुख | - सदस्यसचिव |

**९. खानेपानी व्यवस्थापन बोर्डको काम, कर्तव्य, अधिकार:**

(१) नगरपालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) खानेपानी सम्बन्धि नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधनगर्नका लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी वास योजनाको कार्यान्वयनमा योगदान गर्ने,

(ङ) खानेपानी तथा सरसफाई क्षेत्रको प्रभावकारी अनुगमन गर्ने र सुधारका योजनाहरु निर्माण गर्ने ।

(च) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाई योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

(छ) खानेपानी तथा सरसफाई योजनाहरुको न्यूनतम् सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था दर्ता गर्ने निर्णय गर्ने ।

(झ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१०. वडा खानेपानी तथा सरसफाई समन्वय समिति:**

(१) खानेपानी तथा सरसफाई सम्बन्धि काम कारवाहीका लागि वडा स्तरिय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गर्न सकिनेछ ।

**११. खानेपानी, सरसफाई तथा स्वच्छता इकाइ/शाखाको व्यवस्था:**

(१) नगरपालिकामा खानेपानी व्यवस्थापन बोर्डका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक वास इकाइ वा शाखा स्थापना रहनेछ ।

(२) नगर कार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।

**१२. नगरपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारी:**

नगरपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारी देहायबमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत सरसफाई लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवाप्रदायकहरु, स्वयंसेवकहरु, बालक्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकताबमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सोको प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) वडा स्तरिय खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगर कार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मतसम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाई योजनाहरु छनौट गरी पुरस्कृत गर्न खानेपानी व्यबस्थापन बोर्डमा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाई योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी खानेपानी व्यबस्थापन बोर्डमा पेश गर्ने,

(झ) आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि बोर्डमा सिफारिस गर्ने,

(ञ) खानेपानी व्यवस्थापन बोर्डले तोकेबमोजिम खानेपानी योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सञ्चालन तथा सहयोग गर्ने,

(ट) खानेपानी व्यबस्थापन बोर्डको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित बोर्डको सचिवालयको कार्य गर्ने ।

**१३. खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गर्न सक्ने:**

(१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाई सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गर्नका लागि आवश्यकता अनुसार विवरण खुलाई उपभोक्ता संस्थाको विधान र तोकिएको दस्तुर तिरेको रसिद सहित नगरपालिका स्तरीय खानेपानी व्यबस्थापन बोर्ड समक्ष अनुसूचि १ बमोजिमको निवेदन दिनुपर्नेछ। निवेदन पेश गर्दा आवश्यक कागज सहित देहायको विवरण समेत पेश गर्नुपर्नेछ ।

(क) समितिको नाम,

(ख) उद्देश्यहरु,

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र सम्पर्क नम्बर

(घ) कार्यालयको ठेगाना,

(ङ) समिति सञ्चालनको विधि र प्रक्रिया ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन, विधान र अन्य कागजपत्र सहित उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाले स्वीकृतीको लागि सिफारिश गर्न सक्नेछ ।

(३) उपदफा (१३.२) बमोजिमको खानेपानी तथा सरसफाई इकाई/शाखाबाट सिफारिश प्राप्त भएपछि नगरपालिका प्रमुखको निर्देशन अनुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी सम्बन्धितहरुको जानकारीको लागि १५ दिने सार्वजनिक सुचना प्रकाशन गरि सम्बन्धित वडा, मुहान क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सूचना टाँस गर्नेछ ।

(४) जाँचबुझको क्रममा कुनै कागजात नपुग भएमा प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र आवश्यक थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

(५) प्रमुख प्रशासकिय अधिकृतलाई आवश्यक लागेमा खानेपानी तथा सरसफाई इकाइ वा शाखा प्रमुख वा पालिकाका प्राविधिकलाई स्थलगत सर्वेक्षणका लागि खटाउन सक्नेछ । यसरी खटिने कर्मचारीले मुहानको स्थिति, पानीको मात्रा, वर्तमान प्रयोग, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य प्रभाव, विवादको स्थिति लगायतका विषयहरु खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(६) प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति दर्ता गर्नका लागि नगरपालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डमा पेश गर्ने र उक्त बोर्डको निर्णयबमोजिम समितिको विधान स्वीकृत गरी रु.२,०००। दर्ता शुल्क लिई उपभोक्ता समिति दर्ता गरि प्रमाणपत्र दिईनेछ। नगरपालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डले कुनै उपभोक्ता समिति दर्ता नगर्ने निर्णय गरेमा सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतले निर्णय भएको ३० दिन भित्र सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(७) प्रमुख प्रशासकीय अधिकृतले प्रारम्भिक जाँचबुझ गर्दा कुनै समिति दर्ता गर्न नमिल्ने भनि दर्ता प्रकृया अगाडी नबढाएमा त्यसको सूचना निवेदकलाई १५ दिन भित्र दिनुपर्नेछ र निवेदकले उक्त कुरा चित्त नबुझेमा सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णयउपर नगरपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(८) उपदफा (१३.७) बमाजिमको उजुरी प्राप्त भएपछि पालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्ने प्रकृयाको लागि पालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र पालिका स्तरीय खानेपानी व्यवस्थापन बोर्डले दर्ता गर्न उचित रहेको निर्णय गरेमा उपभोक्ता संस्था दर्ता गरिनेछ ।

(९) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइनेछैन ।

(१०)यो कार्यबिधि लागु हुनुपूर्व प्रचलित कानूनबमोजिम जिल्ला जलस्रोत समिति वाविभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु यो कार्यबिधि लागु भएपश्चात यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नुपर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(११)नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा आफ्नो लेखापरीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन र आगामी कार्ययोजना नगरपालिका समक्ष पेश गर्नुपर्नेछ । सो प्रतिबेदनका आधारमा तोकिएको शुल्क लिई नगरपालिकामा बार्षिक रुपमा संस्था नबिकरण गर्नुपर्नेछ ।

(१२)नगरपालिकामा संस्था दर्ता, अद्यावधिक वा नबिकरण गर्ने बेला खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले वार्षिक १ पटक (मनसून अघि) पानीको गुणस्तर जाँच गरेको रिपोर्ट पनि सँगै पेश गर्नुपर्नेछ । पानीको गुणस्तर जाँच गरेको रिपोर्ट पेश नगरेसम्म नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता, अद्यावधिक वा नबिकरण गरिनेछैन ।

(१३)भेरीगंगा नगरपालिकाले आँफै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले बितरण गरिदै आइरहेको खानेपानीलाई बार्षिक १ पटक (मनसून पछि) खानेपानीको गुणस्तर जाँच गरी सबै खानेपानीको अनुगमन गरिनेछ ।

(१४)सबै खानेपानी उपभोक्ता समितिहरुले गुणस्तरीय पानी बितरणका लागि पर्याप्त मात्रामा क्लोरीन युक्त पानी बितरण भईरहेको सुनिष्चित भएको हुनुपर्नेछ। यदि नगरपालिकाले आँफै अनुगमन गरेको अवस्थामा पानीमा इकोली देखिएमा उपभोक्ता समितिलाई ५००। देखि २,०००। सम्म जरिवाना गर्न सकिनेछ ।







(१५)कुनै पनि स्थानमा डिपबोरिङ्ग गरी पानीको व्यवस्थापन गर्नुपर्दा भूगर्वविद्को रिपोर्टका आधारमा पानीको स्रोत एकीन गरेर मात्र अनुमती दिनुपर्नेछ साथै सो कार्य प्रारम्भ गर्नुअघि सम्बन्धित वडाको सिफारिशमा खानेपानी व्यबस्थापन बोर्डको अनुमती लिएर मात्र काम गर्न सकिनेछ ।

**१४. उपभोक्ता संस्थाको कार्यसमिति**:

(१) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यसमिति बढीमा पन्ध्र सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सर्बपक्षिय तथा सामाजिक समावेशीकरणलाई ध्यान दिनुपर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनुपर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनुपर्नेछ ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनैपनि व्यक्तिले अध्यक्षको रुपमा लगातार बढिमा दुई कार्यकालसम्म मात्र निर्बाचित हुन पाउनेछन् ।

**१५. उपभोक्ता संस्थाको विधान**: उपभोक्ता संस्थाको विधानमा देहायबमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ:

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाका उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्यता, सदस्यता शुल्क, सदस्यता नहरने आदि)

(घ) वार्षिक साधारणसभा तथा अधिवेशनका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकार

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखापरीक्षण

(ञ) निर्वाचन सम्बन्धि व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

## परिच्छेद ४
## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धि व्यवस्था

**१६. खानेपानी प्रणालीको वर्गिकरण:**

(१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहायबमोजिम वर्गिकरण गरिनेछ ।

(क) सामुदायिक खानेपानी प्रणाली

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) नगरपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ ।

**१७. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्ने:**

यस कार्यबिधिबमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१८. गुणस्तर मापदण्ड तोक्न सक्ने:**

(१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाई सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**१९. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धि व्यवस्था:**

(१) नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि वास शाखा वा इकाईको मातहतमा रहने गरी निजि उद्यमि तथा वित्तिय संस्था र अन्य गैरसरकारी संस्थाको सहयोगमा प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) दफा १९ को उपदफा (१) बमोजिम यस नगरपालिकाले आफै पानीको गुणस्तर मापन तथा परीक्षण प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता संस्था, निजि उद्यमि तथा वित्तिय संस्था वा कुनै सेवा प्रदायक





खानेपानी व्यवस्थापन कार्यविधि, २०७९

संस्थालाई प्रयोगशाला स्थापना गर्न उद्योग दर्ता कार्यबिधि बमोजिम अनुमती दिन सकिने छ साथै उपभोक्ता संस्था, निजि उद्यमि तथा वित्तिय संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

**२०. खानेपानी गुणस्तर अनुगमन प्रणाली:**

नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तर र ब्यबस्थापनलाई अनुगमन गर्न आबश्यक निर्देशिका, नियम तथा मापदण्ड खानेपानी ब्यबस्थापन बोर्डले निर्माण गरी नियमित अनुगमन गर्नेछ ।

## परिच्छेद ५
## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

**२१. खानेपानी महसुल निर्धारण:**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारणसभाले निर्धारण गरेबमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत्तर हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाईमा पहुँचको हक सम्बन्धि मौलिकहकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक, व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाई सेवाको महसुल खानेपानी ब्यबस्थापन बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

**२२. महसुल तथा शुल्क लिन पाउने :**

(१) उपभोक्ताले खानेपानीसेवा उपयोग गरेवापत उपभोक्ता संस्थाका लागि साधारणसभाले निर्धारण गरे बमोजिमका आधारमा र अनुमतिपत्र प्राप्त संस्थाका लागि बोर्डले निर्धारण गरेबमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्ताहरुसँग महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

भेरीगंगा नगरपालिका, सुर्खेत

(२) उपभोक्ताले खानेपानी सेवा उपयोग गरेवापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यवसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउनेछैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

**२३. मिनाहा वा छुट दिन सक्ने:** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

**२४. असुलउपर गर्न सक्ने:** यस कार्यबिधि बमोजिम खानेपानी सेवा तथा सरसफाई सेवा उपयोग गरेवापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानूनबमोजिम असुलउपर गर्न सक्नेछ ।

**२५. खानेपानी सेवाको व्यवस्थापन:**

(१) नगरपालिकाले स्थानीय उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी सेवा उप्लब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नुपर्नेछ ।







(३) कुनैपनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मतसम्भार गरी खानेपानी आपूर्ति नियमित गर्नुपर्नेछ र मर्मतसम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घरपरिवारमा मिटर जडान गरी दफा २२ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

(५) खानेपानीमा सेवाको नियमित मर्मतसम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(६) उपभोक्ता समितिबाट तत्काल मर्मतसम्भार गर्न नसक्ने मनासिक कारण देखाई उपभोक्ता समितिले नगरपालिकामा मर्मतसम्भारका लागि अनुरोध गरेमा नगरपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक कार्य गर्नेछ ।

(७) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ६

## पूर्वाधार निर्माण तथा मर्मतसम्भार सम्बन्धि व्यवस्था

**२६. पूर्वाधारको निर्माण वर्गिकरण:**

(१) नगरपालिकाका खानेपानी आयोजनाहरुलाई लाभान्वीत घरधुरीका आधारमा देहायबमोजिम वर्गिकरण गर्नुपर्नेछ ।

(क) **ठुला आयोजना:** ५०० घरपरिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ ।

(ख) **मझौला आयोजना :** १०० देखि ५०० घरपरिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ ।

(ग) **साना आयोजना :** १०० भन्दा कम घरपरिवार लाभान्वीत भएको आयोजनालाई साना आयोजनामा वर्गिकरण गरिनेछ ।

(२) उपदफा (१) (ग) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि नगरपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

**२७. समुदायको योगदान सम्बन्धि व्यवस्था:**

(१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको २० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

(क) निर्माण सामग्री ढुवानी

(ख) स्थानीय सामग्री संकलन

(ग) पाईपलाईन खनाई

(घ) अन्य अदक्ष कामदार सरहको कार्य ।

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घरपरिवारलाई श्रमको बिभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरु, दीर्घरोगीहरु आदि) ले भने श्रमदान गर्नुपर्नेछैन ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनुपर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारासम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जिआई पाईप, टुटी लगाएतका सामग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नुपर्नेछ ।

**२८. उपभोक्ता संस्थाको मर्मतसम्भार तथा व्यवस्थापन कोष रहने :**

(१) उपभोक्ता संस्थाको एक मर्मतसम्भार कोष रहनेछ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाई सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघसंस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई सम्बन्धि आयोजना निर्माण, मर्मत तथा व्यवस्थापनका लागि मर्मतसम्भार कोष खर्च गर्न सकिनेछ । उक्त कोष बृद्धिका लागि नगरपालिका र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।





खानेपानी व्यवस्थापन कार्यबिधि, २०७९

## परिच्छेद ७
## अनुमति-पत्र सम्बन्धि व्यवस्था

**२९. अनुमतिपत्र लिनुपर्ने:**

(१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस कार्यबिधि बमोजिम भेरीगंगा नगरपालिकाबाट अनुमतिपत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धि सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्नेछैन ।

(३) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यवसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनुपर्नेछ ।

**३०. अनुमतिपत्र दिनुपर्ने :**

(१) दफा १४ बमोजिम परेको निवेदनमा यस नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस

भेरीगंगा नगरपालिका, सुर्खेत

कार्यबिधि र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिनेछ र सो अवधिपश्चात भेरीगंगा नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिनेछ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्रको अवधि समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाई आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

(४) यो कार्यबिधि प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो कार्यबिधि प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस कार्यबिधि तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनुपर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाई सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउनेछैन ।

**३१. अनुमतिपत्र प्रदान नगरिने :**

(१) यस कार्यबिधि वा प्रचलित कानूनबमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान भइहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा







आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा प्रदान गर्नका लागि यस कार्यबिधिमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धि सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेछैन ।

**३२. अनुमतिपत्र खारेज :**

(१) यस कार्यबिधि बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले कार्यबिधि नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाई सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाई सेवा प्रदान गरेवापत अनुमतिपत्रमा उल्लेख गरिएभन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा भेरीगंगा नगरपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि नगरपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाले यस कार्यबिधि बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद ८
## खानेपानी तथा सरसफाई ब्यवस्थापन कोष

**३३. कोषको स्थापनाः** खानेपानी तथा सरसफाई सम्बन्धि पुर्वाधारहरुको निर्माण, मर्मत तथा सुधारका लागि भेरीगंगा नगरपालिकामा खानेपानी तथा सरसफाई ब्यवस्थापन कोषको स्थापना गरिनेछ। भेरीगंगा नगरपालिकाले खानेपानी तथा सरसफाई क्षेत्रमा काम गर्नका लागि छुट्टै बैंक खाताको ब्यवस्था गर्नेछ वा नयाँ खाताको सिर्जना गर्नेछ।

**३४. कोषमा रकम संकलन तथा परिचालन बिधि :**

**(क) कोष संकलन :**

(१) दफा ४४ को उपदफा १ देखि ६ सम्म उल्लेख भएका रकमहरु उक्त कोषमा जम्मा गरिनेछ।

**(ख) कोष परिचालन :**

(१) कोष परिचालनका लागि खानेपानी ब्यबस्थापन बोर्डको निर्णय अनुसार भेरीगंगा नगरपालिकाको खानेपानी तथा सरसफाई इकाई/शाखाले खानेपानी, सरसफाई र स्वच्छता योजनामा प्राथमिकतामा रहेका योजनाहरु कार्यान्वयन गर्न सक्नेछ।

(२) बिभिन्न अन्तर्राष्ट्रिय / राष्ट्रिय गैरसरकारी संघ-सस्थाहरुले खानेपानी, सरसफाई र स्वच्छताका योजनाहरु कार्यान्वयनका लागि साझेदारी गरी कोषको रकम खर्च गर्न सकिनेछ।

(३) कोषमा जम्मा भएको रकमलाई खानेपानी ब्यबस्थापन बोर्डको निर्णय अनुसार बित्तिय संघसंस्था, सहकारी संस्था र खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा अन्य समितिहरुसँग साझेदारीमा घुम्ती कोषको रुपमा तोकिएको समयमा फिर्ता हुने गरी खानेपानी तथा सरसफाई क्षेत्रमा परिचालन गर्न सकिनेछ। साथै उपरोक्त संस्था वा समितिले कार्य सम्पन्न नगरेमा वा आर्थीक हिनामिना गरेको पाईएमा सो संस्था वा समितिको बैंक खाता रोक्का गरी आश्यक कारबाही गरिनेछ।

(४) नगरपालिकामा दर्ता वा नबिकरण भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले बितरण गरिदै आइरहेको र विद्यालय र स्वास्थ्य संस्थाहरुले प्रयोग गरिदै आइरहेको खानेपानीलाई बार्षिक १ पटक मनसून पछि खानेपानीको गुणस्तर जाँच गरिनेछ।





खानेपानी ब्यवस्थापन कार्यबिधि, २०७९

(५) फोहोर पानीका कारण कुनै रोग वा महामारी फैलिएमा आवश्यकता अनुसार सम्बन्धित ठाउँको पानीको गुणस्तर जाँच गरिनेछ।

(६) उक्त कोष परिचालन गर्नका लागि थप निर्देशिका वा मापदण्ड आबश्यक परेमा खानेपानी ब्यबस्थापन बोर्डले थप निर्देशिका वा मापदण्ड निर्माण गरी लागु गर्न सक्नेछ।

**३५. कोष संकलनका स्रोतहरु :**

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु नगरपालिकामा दर्ता गर्दा संकलन हुने राजस्वहरु,

(२) नगरपालिकामा दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु नविकरण गर्दा संकलन हुने राजस्वहरु,

(३) संघ तथा प्रदेशका बिभिन्न निकायहरुबाट प्राप्त हुने रकमहरु,

(४) बिभिन्न दातृ संस्थाहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था र स्थानिय संघ-संस्थाहरूबाट खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा काम गर्न सहयोग स्वरुप उपलब्ध हुने रकमहरु,

(५) खानेपानी उपभोक्ता समितिहरुले नियम बिपरित खानेपानी बितरण गरेको अवस्थामा नगरपालिकाले जरिवाना लगाउदा संकलन हुने रकमहरु,

(६) भेरीगंगा नगरपालिकाको सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्न बनेको निर्देशिका २०७९ को दफा २४ अनुसार कसुर ठहरिएका र दफा २५ बमोजिम सजायबाट संकलन गरिएका रकमहरु,

## परिच्छेद ९
## विविध

**३६. कसुर र सजाय :** खानेपानी तथा सरसफाईसम्बन्धि कसुरको निर्धारण र दण्ड सजायसम्बन्धि व्यवस्था खानेपानी तथा सरसफाईसम्बन्धि संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।

**३७. सूचना अभिलेख प्रणालीः**

(१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाई सम्बन्धि तथ्यांक अध्यावधिकका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ।

(२) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधिकका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ।

भेरीगंगा नगरपालिका, सुर्खेत

**३८. योजना निर्माण** : नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाई योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**३९. विवरण उपलब्ध गराउने** :

(१) नगरपालिकाले आफै वा प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायका विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउनेछ :

(क) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या,

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाई प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिनेछ र यस्ता विवरणहरु आवश्यकता अनुसार समयसमयमा खानेपानी तथा सरसफाईसम्बन्धि विद्युतीय एकीकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

**४०. पुरस्कारसम्बन्धि व्यवस्था**: खानेपानी तथा सरसफाई व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघसंस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४१. निर्देशन दिन सक्ने** : नगरपालिकाले उपभोक्ता संस्था वा अन्य सेवा प्रदायक अन्य संघसंस्थालाई खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४२. अधिकार प्रत्यायोजन** : नगरपालिकाको प्रमुखले यस कार्यबिधि बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।



खानेपानी व्यवस्थापन कार्यबिधि, २०७९

**४३. खानेपानी आयोजना र संरचनाको हस्तान्तण** : (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार रनगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाई आयोजना र सोसम्बन्धिसंरचनाहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाई आयोजना र सोका संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

**४४. नियम तथा निर्देशिका बनाउने सक्ने** : यस कार्यबिधिमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

भेरीगंगा नगरपालिका, सुर्खेत

अनुसूची-१

खानेपानी व्यबस्थापन कार्यबिधि २०७९ को दफा १३ को उपदफा (१) संग सम्बन्धित

**निवेदनको ढाँचा**

श्री अध्यक्षज्यू,
खानेपानी व्यवस्थापन बोर्ड,
भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, छिन्चु, सुर्खेत

**बिषयः समिति/संस्था दर्ता गरिपाउँ ।**

महोदय,

हामीले .............................. खानेपानी उपभोक्ता समिति/संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियमानुसार उपभोक्ता समिति/संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समिति/संस्थाको एक प्रति विधान रु. १००/- रुपैयाँ निवेदन दस्तुर सहित दरखास्त पेश गरेका छौं ।

१. उपभोक्ता समिति/संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :
   (क)
   (ख)
   (ग)

४. सदस्यहरुको नाम : ठेगाना : पेशा :
   (क)
   (ख)
   (ग)

५. उपयोग गरिने जलस्रोतको विवरण :
   (क) जलस्रोतको नाम र रहेको ठाउँ :
   (ख) जलस्रोतबाट गरिने प्रयोग :
   (ग) उपभोक्ता समिति/संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :
   (घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :







६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धि विवरण:
   (क) सेवाको किसिम :
   (ख) सेवा पुऱ्याउने क्षेत्र :
   (ग) स्रोतबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
   (घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक स्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

**निवेदक :**
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको-
सही :
नाम :
पद :
ठेगाना :

अनुसूची-२

(खानेपानी व्यवस्थापन कार्यबिधि २०७९ कोदफा १३ संग सम्बन्धित)

भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, छिन्चु, सुर्खेत

**खानेपानी व्यवस्थापन बोर्ड**

दर्ता मिति :                                        मिति :

दर्ता नं.

श्री ..............................

...................................

**खानेपानी उपभोक्ता समिति/संस्था दर्ता प्रमाण-पत्र**

..............................खानेपानी उपभोक्ता समिति/संस्था ........................... (सम्बन्धित उपभोक्ता संस्थाको नाम, ठेगाना) लाई भेरीगंगा नगरपालिका खानेपानी व्यवस्थापन बोर्डको बैठक संख्या.......... मिति ................................ को निर्णय नं.............र खानेपानी व्यबस्थापन कार्यविधि २०७९ को दफा १३ को उपदफा (१) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ। नगरपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नुहोला । संस्थाको कार्यक्षेत्र नगरपालिकाको वडा नं. ......मा रहनेछ ।

सही :

नाम, थर :

पद :

आज्ञाले

**कृष्ण प्रसाद पोखेल**

प्रमुख प्रशासकीय अधिकृत